**घोडाघोडी नगरपालिका**

# सुशासन समितिको वार्षिक प्रतिवेदन

२०८३

**समिति संयोजक**

**अप्सरा देवि विश्वकर्मा**

२०८३ असार १० गते

**सभाध्यक्ष महोदय,**

वर्तमान नेपालको संविधानको अनुसूची-८ मा भएको स्थानीय सरकारको अधिकार क्षेत्र भित्रका कार्यसम्पादन गर्न, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा गाँउपालिका र नगरपालिकाको काम, कर्तव्य र अधिकार तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ५ दफा २२ मा नगर सभाले नियमावली बनाई आफ्नो कार्यप्रणालीलाई व्यवस्थित गर्न विभिन्न समिति गठन गर्न सक्ने प्रावधान रहेको छ । त्यस्तै गरी सुदूरपश्चिम प्रदेशको गाउसभा तथा नगरसभा कार्यसञ्चालन ऐन वमोजिम कार्यपालिकालाई सभाप्रति उत्तरदायी बनाउन, स्थानीय कानुन निर्माण प्रक्रियालाई व्यवस्थित बनाउन तथा कार्यपालिकाबाट भएका कारबाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने प्रयोजनको लागि विभिन्न समिति र उपसमिति गठन गर्ने व्यवस्था छ। उक्त कानुनी व्यवस्थाको कार्यान्वयन गरी जनमुखी सेवामुखी, जनउत्तरदायी र पारदर्शी तुल्याई सुशासन कायम गर्ने जिम्मेवारी सहित यस नगरपालिकाको नगरसभाबाट सुशासन समिति गठन गरी आफ्नो अधिकार क्षेत्रभित्रको कार्य सम्पादन गर्ने गरि रहेको छ ।

**सभाध्यक्ष महोदय,**

सुशासन समितिले आर्थिक वर्ष २०८२/०८३ मा गरेका मुख्य मुख्य कार्यहरूको प्रतिवेदन यस सम्मानित सभामा प्रस्तुत गर्न चाहन्छु ।

- घोडाघोडी नगरपालिकामा हामि निर्वाचित भई आए पछि वसेको पहिलो सभाबाट सुशासन समिति गठन भएपछि समय समयमा समितिको बैठक बसी समितिले तोकिए वमोजिम काम गर्दै आएको व्यहोरा अनुरोध गर्दछु।
- नगरपालिकाले आफ्नो कामलाई पारदर्शी, मितव्ययी, नियमित र दक्षतापूर्वक सम्पन्न गरी वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, नगरपालिकाको कार्य सञ्चालन निर्देशिका , आर्थिक कार्यविधि तथा वित्तिय उतरदायित्व ऐन, आवधिक योजना, मध्यमकालिन खर्च संरचना लगायतका ऐन कानुन वनाउन सिफारिस र सहयोग गरेको छ।

**सभाध्यक्ष महोदय,**

- सुशासन समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत नगरपालिकाको कामको प्रकृति अनुरूप आन्तरिक नियन्त्रणको वातावरण, जोखिम क्षेत्रको पहिचान, नियन्त्रणको गतिविधि, सूचनाको आदानप्रदान, अनुगमन तथा मूल्याङ्कन जस्ता विषयलाई समावेश गरी देहाय बमोजिमको कार्यहरूको अनुगमन तथा मूल्याङ्कन गरी सभा समक्ष प्रतिवेदन पेश गर्ने जिम्मेवारी सुशासन समितिलाई प्रदान गरिएकोले

- नगरपालिकाका शाखा र अन्तर्गतका निकायको सेवा प्रवाह, कानुनको परिपालना कार्यविधिको प्रयोग आदि क्रियाकलापको समग्र मूल्याङ्कन गरी नगर सुशासन एवम् सुधार गर्न र नगर शासनको प्रभावकारिता बढाउन आवश्यक निर्देशन दिएका छौ ।
- संघीय सरकार र प्रदेश सरकारसँग सुशासनसँग सम्बन्धित कानुन, नीति, निर्देशन, मापदण्ड र शर्तहरुको पालना र प्रतिफलको विश्लेषण गरी नगरपालिकालाई आवश्यक निर्देशन दिएका छौ।
- नगरपालिकाको समग्र शासकीय क्रियाकलाप, सेवा प्रवाह, सेवाको गुणस्तर, दिगोपना, लागत र सेवा शुल्कका बारेमा अध्ययन, विश्लेषण र मूल्याङ्कन गरी आवश्यक निर्देशन दिदै आएका छौ
- नगरपालिकामा समावेशीकरण, गुणात्मक सहभागिता, निष्पक्ष न्याय, जनताको माग तथा आवाज सम्बोधनको स्थितिको मूल्याङ्कन गरी समीक्षाका साथ आवश्यक सुधारका लागि नगरपालिकामा लेखी पठाएका छौ ।
- नगरपालिका र वडा कार्यालय बीच कामको बाँडफाँड, कार्य व्यवस्था, अधिकार प्रत्यायोजन तथा प्रयोग र वडा कार्यालय व्यवस्थापनको अन्तरसम्बन्ध अध्ययन गरी आवश्यक निर्देशन दिनु पर्नेमा अध्ययन गरिरहेका छौ ।
- नगरपालिका र वडा कार्यालयहरुले प्रवाह गर्ने सेवा, सिफारिस, सामाजिक विकास आदिमा प्राप्त उजुरीका बारेमा अध्ययन गरी आवश्यक सुझाव तथा निर्देशन तयार गर्दै छौ ।

**सभाध्यक्ष महोदय,**

- नगरपालिकाका एकल र साझा अधिकार एवम् संघ तथा प्रदेशबाट प्रत्यायोजित अधिकारको छुट्टाछुट्टै समीक्षा गरी नगर विकास एवम् सेवा प्रवाहमा सुधार गर्न आवश्यक सुझाव प्रदान गरेका छौ ।
- नगरपालिकाको कार्य सम्पादनमा पारदर्शिता, खुल्लापन, सूचनामा पहुँच, नगरपालिका प्रति नागरिकको अवधारणा र सन्तुष्टि र जबाफदेहीको मूल्याङ्कन गरी पठाएका छौ ।
- सामाजिक सशक्तीकरण, सामुदायिक शासन तथा सेवा प्रवाह, सार्थक सहभागिता र सक्रियताको मूल्याङ्कन गरी आवश्यक निर्देशन दिएका छौ ।
- शासन, सेवा प्रवाह एवम् विकास व्यवस्थापनको दक्षता र प्रभावकारिताको अध्ययन र मूल्याङ्कन गरी आवश्यक निर्देशन दिनुपर्नेमा अध्ययन र मुल्यांकनका लागि खर्चको अभाव भएकोले उक्त काम गर्न सकेका छैनौ ।
- नगरपालिका भित्र आधारभूत सेवाको स्थिति गुणस्तर, सामाजिक सुरक्षा, रोजगारी, आय आर्जन तथा वितरणको अध्ययन विश्लेषण र मूल्याङ्कन गर्न यस क्षेत्रमा कार्यरत उच्च तहका शैक्षिक संस्थाहरु संग समन्वय गरिरहेका छौ ।

**सभाध्यक्ष महोदय,**

- नगरपालिकाका पदाधिकारी तथा कर्मचारीको आचार संहिता पालनको अवलोकन गरी अर्को नगरसभामा प्रतिवेदन पेश गर्ने तयारीका साथ लागेका छौ ।
- नगरपालिकामा कानुनको पालना तथा सुशासनको अवस्था अध्ययन गरि कानूनको परिपालनामा जोड दिन मौखिक सुझाव दिएका छौ ।
- नगरपालिकाका नीति, कार्ययोजना, घोषणा, प्रतिबद्धताको कार्यान्वयन स्थितिको मूल्याङ्कन गर्न व्यवस्थापन परीक्षण गर्नु पर्ने सुझाव दिएका छौ ।
- नगरपालिकामा सामाजिक न्याय, नीतिको सिलसिला एवम् निरन्तरता जनजीवनको सुरक्षा, शान्ति र अमनचैनको समीक्षा गरी बार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्न सुझाव प्रदान गरेका छौ।
- नगरपालिकाको संस्थागत क्षमता, दिगो विकासका लक्ष्यहरू कार्यान्वयन अवस्था, वातावरण व्यवस्थापन र अनुकूलनका प्रयास र प्रकोप व्यवस्थापनको मूल्याङ्कन गर्दा कार्यान्वयन अवस्था फितलो देखीन आएकोले कार्यान्वयनमा जोड दिन सुझाव दिएका छौ ।
- नागरिक बडापत्रको कार्यान्वयन, सेवा प्रवाहका वैकल्पिक आयाम, मितव्ययी विकल्प लगायत सुधारका लागि उपयुक्त र कार्यान्वयन योग्य सुझाव दिदै आएका छौ ।
- समितिले छिमेकी पालिकासँग समितिका कामकार्यवाही, कार्य अनुभव र अनुकरणीय कार्यको जानकारी आदान-प्रदान गर्न अन्तरपालिका स्तरीय सिकाई आदान प्रदान कार्यक्रम तर्जुमा गर्ने सोच लिएका छौ ।
- समितिले आवश्यकता अनुसार सभाका अन्य समितिहरूसँग सहकार्य एवम् अनुभव आदान प्रदान गरि समितिलाई थप प्रभावकारी रुपले सञ्चालन गर्दै आएका छौ ।
- नगरपालिकामा कार्यरत करार कर्मचारीहरुको समय सापेक्ष अनुसार पारिश्रमिक तथा सेवा सुविधा समायोजन गर्न आवश्यक सुझाव दिएका छौ ।
- त्यति मात्र नभई सुशासनसँग सम्बन्धित सभाले तोकेका अन्य काम कारवाहि गर्दै आएका छौ ।।

**सभाध्यक्ष महोदय,**

- नगरपालिका संग सिमान जोडिएका मोहन्याल गाउपालिका र गौरीगंगा नगरपालिकाहरुले यस नगरपालिकाको प्राकृतिक स्रोत तर्फ नदिजन्य पदार्थ चोरि निकासी गरेको पाईयो । समितिको तर्फवाट अनुगमन गरि उक्त क्षेत्रमा प्रयोग गरिएका ४ ठेलि रसिद हरु नियन्त्रणमा लिईएको छ ।
- छिमेकी पालिकाहरुको सिमा विवादका कारणले हुन सक्ने प्राकृतिक स्रोत साधन तर्फ नदीजन्य पदार्थको चोरी निकासी नियन्त्रण गर्न सरोकारवाला संग समन्वय गर्न निर्देशन दिएका छौ ।

- भदौ २३ र २४ मा भएको आन्दोलनका क्रममा नगरपालिका तथा वडा कार्यालयमा क्षति भएका मेसिनरी औजार उपकरण फर्निचर लगायतका भौतिक सम्पत्तिहरुको लगत कट्टी गर्न निर्देशन दिएका छौ । उक्त समयमा टुटफुट भई प्रयोगमा ल्याउन नसकिने सामग्रीहरुलाई लिलाम बिक्रि/धुल्याउन सिफारिस गरिएको छ।
- कार्यालयले सबै पदहरूको काम, कर्तव्य, उत्तरदायित्व, अधिकार स्पष्ट रुपमा उल्लेख गरेको कार्यविवरण तयार गरी कर्मचारीलाई उपलब्ध गराउनुपर्नेमा केही पदहरुमा मात्र गरेको देखिएकोले तयार गरी उपलब्ध गराउनुपर्ने देखिन्छ।
- नगरपालिका, वडा कार्यालय, स्वास्थ्य संस्थाहरुमा विद्युतीय हाजिरी माध्यमबाट कर्मचारीलाई कामप्रति व्यावसायिक, उत्तरदायी, जबाफदेहिता बनाई सेवा प्रवाह गुणस्तरीय बनाउने कार्य गर्नु पर्ने देखीन्छ।
- कार्यालयले परिसर भित्र सबैले देख्ने उपयुक्त ठाउँमा नागरिक बडापत्र राख्ने व्यवस्था भएकोमा बडापत्रमा नगरपालिकाले प्रदान गर्ने सबै सेवा सम्बन्धी व्यहोराहरू खुलाई नगरपालिका र वडा कार्यालयमा नागरिक वडापत्र राखिएको भएपनि सबै सेवाग्राहीको पहुँच हुने गरी विद्युतीय नागरिक बडापत्र निर्माण गर्ने र सबै वडा कार्यालयमा एकरूपता कायम गर्नुपर्ने देखिन्छ।
- कार्यालयले सेवा प्रदान गर्दा सूचना पाटी र हेल्प डेस्क वा सोधपुछ काउन्टरको व्यवस्था गरि पहिलो आउने सेवाग्राहीलाई पहिलो सेवा दिने व्यवस्था लागू गरी गुनासो सुनुवाइको प्रभावकारी बनाउने प्रयासलाई अझ प्रभावकारी बनाउनु पर्ने देखिन्छ।
- नगरपालिकाले महत्वपूर्ण निर्णय तथा सूचना सरोकारवालालाई वेभसाइट मार्फत जानकारी गराउने व्यवस्था गरेको भएता पनि सबै सूचना तथा जानकारीहरु राख्ने व्यवस्था गर्नुपर्छ भने ऐन, कानून, मापदण्ड, बजेट तथा कार्यक्रम, सभा कार्यपालिकाका निर्णय तथा प्रगति प्रतिवेदन तयार गरी राख्ने व्यवस्था गर्नुपर्ने देखिन्छ।
- न्याय निरोपण गर्ने कार्य तोकिएको अवधि भित्र गरे पनि थप प्रभावकारी बनाउनुपर्ने देखिन्छ।
- सामाजिक सुरक्षा भत्ता तोकेको समय र माध्यमबाट वितरण गर्ने व्यवस्था मिलाएको भएता पनि गुनासो नआउने गरी वितरणको व्यवस्था मिलाउनुपर्ने देखिन्छ।
- घर नक्सा पास गर्न लाग्ने समय निर्धारण गरी सोको पालना गर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्नेमा नक्सा पासको कार्य अनिवार्य गर्न नसकिएको देखिन्छ।
- संकलन गरेको राजश्व रकम तोकिएको समयमा बैङ्कमा दाखिला गर्ने प्रणाली वा व्यवस्था लागु गरे पनि सबै वडा कार्यालयले तोकिएको समयभित्र दाखिला नगरेको देखिन्छ।

- विकास योजनाको बजेट तथा कार्यक्रम तर्जुमा गर्दा तोकिए बमोजिम योजनाहरु प्राथमिकीकरण गर्ने ब्यवस्था लागु गरेको देखिएन जसवाट लक्षित वर्ग र समुदायको सार्थक सहभागिता भएको पाईदैन।
- सवारी साधन मर्मत तथा ईन्धन खर्चको लगवुक राख्ने गरेको भएता पनि प्रभावकारीता वृद्धि गर्नुपर्छ।
- तालिम, सेमिनार, गोष्ठी, आदि सम्बन्धी खर्च गर्दा लागत अनुमान स्वीकृत गर्ने र भुक्तानी दिँदा प्रतिवेदन पेश गर्ने व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन गर्नु पर्ने देखिन्छ।
- खर्च लेख्दा कानुन बमोजिम धरौटी, पेश्की र कर कट्टी गरेर मात्र भुक्तानी दिनु पर्ने देखिन्छ।
- पेश्की दिदा पेश्की आवश्यकताको जाँच गरी सोको आधारमा आवश्यक रकम मात्र पेश्की दिने र दिएको रकम तोकिएको समयभित्र फछ्र्योट गर्नु पर्ने देखिन्छ।
- नियमित रुपमा बैंक स्टेटमेण्ट प्राप्त गरी बैक हिसाव र कार्यालय हिसाबसँग भिडान एवम् समायोजन गर्ने गरेको देखीएन।
- खरिद एकाइको गठन र खरिद सम्बन्धी कार्यका लागि जिम्मेवार कर्मचारी तोकी खरिद कानुन बमोजिम वार्षिक खरिद योजना र खरिद गरुयोजना बनाई सोही बमोजिम खरिद कार्य गर्नुपर्ने देखिन्छ।
- विपद् व्यवस्थापन समिति, वडास्तरीय विपद् व्यवस्थापन समितिहरू गठन गरेको र सो समितिहरु क्रियाशीलरहेको भएता पनि प्रभावकारी बनाउनुपर्छ र विपद व्यवस्थापन गर्नमा प्रयोग हुने एम्वुलेन्स र उपकरण उचित मर्मत सम्भार गरी चालु हालतमा राख्ने तथा वारुणयन्त्रको क्रमशः व्यवस्थापन गर्नुपर्ने देखिन्छ।
- वर्षमा कम्तीमा एक पटक जिन्सी सामान तथा सम्पत्तिको निरीक्षण गराई प्रतिवेदन तयार गर्ने गरेको देखिएता पनि त्यसको प्रभावकारी रूपमा कार्यान्वयन भएको देखिएन।
- नगरपालिका र वडा कार्यालयले आफ्नो स्वामित्वमा रहेको घर, जग्गा तथा पर्ती ऐलानी र सार्वजनिक जग्गा एवम् पुँजीगत सम्पत्तिको हानिनोक्सानी नहुने गरी अद्यावधिक लगत राखी संरक्षणको ब्यवस्था गर्नुपर्ने देखिन्छ।
- विनियोजन, राजस्व, धरौटी, जिन्सी र अन्य आम्दानी खर्चको लेखा महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा राख्ने गरेको देखिएन
- आर्थिक कारोवारको आन्तरिक लेखापरीक्षण गर्न आन्तरिक लेखापरीक्षकको व्यवस्था नभएकोले आन्तरिक लेखापरीक्षण नगरेको तर विनियोजन, राजश्व, धरौटी र अन्य कोषको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट गराएको देखिन्छ।

- समतामुलक समृद्ध पर्यटकिय नगरि पहिचान सहितको हाम्रो घोडाघोडी नगरपालिकाको दीर्घकालीन सोच सहित संकल्प लियर तय गरिएका बजेट, नीति तथा कार्यक्रमको सफल कार्यान्वयन गर्दै जाँदा विगतका वर्षदेखि क्रमशः सुधारउन्मुख देखिएको विषय महालेखा परीक्षकको प्रतिवेदनले पनि देखाउँदछ।
- स्थानीय तहको निर्वाचन पछि नगरपालिकामा निर्वाचित जनप्रतिनिधिहरुको ब्यवस्था भई सिंहदरबारको आधिकार घर घरमा पुरयाउन जनताका आवाजहरूलाई सेवा सुविधा छिटो छरितो, सरल, सहज बनाउन प्रयत्नशिल भएको देखिन्छ ।

**सभाध्यक्ष महोदय,**

माथि उल्लिखित सबै कमीकमजोरीलाई ग्रहण गर्दै तत्काल सुधारको कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्ने देखीन्छ ।

**अन्त्यमा,**

भदौ २३ र २४ मा भएको आन्दोलनबाट नगरपालिका र वडा कार्यालयहरुको क्षति,हानि नोक्सानी लाई परिपुरण गरि पुर्न स्थापन गर्न तर्फ नगरपालिका लागिरहेको छ । यस्तो अवस्थमा पनि उच्च मनोवलका साथ सार्वजनिक सेवा प्रवाहमा खटिने जनप्रतिनिधि कर्मचारीहरुलाई धन्यवाद दिएका छौ ।

प्रतिवेदनमा उल्लिखित सबल पक्षका बाबजुद सुधारका उपायहरुको पालना गर्दै कानूनी व्यवस्था बमोजिम अन्य थप विषयगत समिति र उपसमितिहरु गठन गरी नगर सभा र समग्र नगरपालिकाको कामकारबाहीलाई समेत सबै मिलेर थप व्यवस्थित र प्रभावकारी बनाउदै आम नगरको विकास र समृद्धिमा केन्द्रित हुनेपर्ने देखिन्छ । यस प्रतिवेदन तयार पार्नको लागि सहयोग पुर्याउनुहुने समितिका सदस्यज्यू, कर्मचारी मित्र, लगायत सम्पूर्ण सरोकारवालाहरू प्रति धन्यवाद व्यक्त गर्दै आगामी दिनहरूमा समेत यस्तै सहयोगको अपेक्षा सहित यो प्रतिवेदन सम्मानित सभामा पेश गर्दछु ।

प्रस्तुतकर्ता
सुशासन विकास समिति संयोजक
श्री अप्सरा देवि विश्वकर्मा